# १० प्रार्थना

*यस अध्यायको निम्ति पढ्नुहोस्:* कलस्सी ४:२, रोमी १२:१२, मत्ती २६:३४-४४, हिब्रू ११:६, याकूब ४:२, यूहन्ना १४:१५, १ थेस्सोलोनी ४:३।

**_स्मरण गर्नुपर्ने पद:_ "बेलुका, बिहान र दिउँसो म प्रार्थना गर्नेछु। ठूलो स्वरले म प्रार्थना गर्नेछु। उहाँले मेरो आवाज सुन्नु हुनेछ" (भजन ५५:१७ रूपान्तरित)**

**_मूल सोच:_ परमेश्वरले हामीलाई प्रार्थनाको निम्ति आह्वान गर्नुभएको छ भनेर बाइबलका बिभिन्न पुस्तकहरूमा उल्लेख गरिएको छ। उहाँको मार्गमा हिँड्न प्रार्थनाले उल्लेखनिय भूमिका खेल्दछ। प्रार्थना येशूभक्तको प्रमूख भाग हो।**

प्रार्थना सम्वन्धी एलेन जी ह्वाइटले यो मनतव्य व्यक्त गर्दछिन्: "उहाँको आशिष् पूरा रूपमा दिन हाम्रो परमेश्वर पिता पर्खिरहनुभएको छ। उहाँको असिमित प्रेमको मूहानको पानी पिउनु हाम्रो अवसर हो। तर गजबको कुरो त यो छ, हामी थोरैमात्र प्रार्थना गर्दछौं! उहाँका नम्र भन्दा पनि नम्र छोराछोरीहरूको हृदयदेखि गरेको प्रार्थना सुन्न सधै तत्पर हुनुहुन्छ। तर प्रायजसो हाम्रा चाहनाहरू परमेश्वरलाई बुझाउन आनकानी गरिरहेका हुन्छौं। हाम्रा आन्तरिक इच्छाहरू उहाँलाई अवगत गराउन धेरै इच्छुक नभएको देखिन्छ। जब मानिसहरू परिक्षा वा लोभमा फस्दछ, तर बिचरा निरिह ती मानव जातले परमेश्वरको सहायताको निम्ति प्रार्थना गर्दैन भने स्वर्गदूतहरूले के सोच्दछ होला। हामीले मागेको र सोचेको भन्दा धेरै दिन परमेश्वर इच्छुक र तयार हुनुहुन्छ। किनभने उहाँले हामीलाई असाध्यै मायाप्रेम गर्नुहुन्छ। तर हामी थोरै प्रार्थना गर्दछौं किनभने हाम्रो विश्वास अति सानो छ। परमेश्वरको सामु स्वर्गदूतहरू निहुरिन मनपराउँछन्। उहाँको नजिक

रहन तिनीहरू अत्यन्त मनपराउँछन्। परमेश्वरको नजिक हुनु ठूलो सम्मान पाउनु हो भनेर तिनीहरूले सोच्दछन्। उहाँको नजिक हुनु उच्चतम् आनन्द पाउनु हो भनेर तिनीहरूले महशूस गर्दछन्। तर यस संसारका छोराछोरीहरू भने, जसलाई परमेश्वरले दिनसक्ने र उनीहरूलाई चाहिने अथाह सहायताको बाबजूद पनि, उहाँको ज्योति र आत्माबिना हिँड्न संतुष्ट भएको देखिन्छ। परमेश्वरको उपस्थितिको अनुभवद्वारा उहाँसँग दौंतरी लगाउनुपर्ने अवसरलाई मानिसहरूले सराहना गर्न असफल भएको पाइन्छ।" स्टेपस् टु क्राइस्ट, पृ. ९४बाट रूपान्तरित।

## १. प्रार्थनामा शक्ति (मत्ती २६:४१)

एक दिन एक जना युवकले उसको पहिलाको कर्मचारी मित्रको पत्र पायो। त्यो मित्र धेरै वर्ष अघि नै अवकास लिएको थियो। ती दुई जना सँगै काम गर्ने साथीहरू एक आपसमा मिल्दैनथे। अवकास पाएको साथीले अर्को साथीलाई नराम्रो व्यवहार गर्दथ्यो। तर काम गरिरहेकै साथीले पुरानो साथीको चिठ्ठी खोले र पढ्न थाले। त्यस पत्रको एक अंश यस्तो थियोः "तिमीलाई थाहा छ कि प्रार्थनाको बारेमा मैले कहिलै पनि बुझेको छैन, न त अहिले नै बुझ्दछु। तर प्रार्थना गर्न हामीलाई आह्वान गरिएको छ भन्ने कुरोचाहिँ मलाई थाहा छ। गत केहि हप्तादेखि मैले प्रार्थना गरिरहेकोबेलामा तिमीलाई कस्तो दुर्व्यवहार गरेको रहेछु भनेर परमेश्वरले मलाई देखाउनुभएको छ। म गलत भएको अहिले देख्दछु। मैले इसाई भनेर आफूले दावी गरेतापनि तिमीलाई खीष्टरहितको व्यवहार गरेको रहेछु। मेरो विश्वासको गवाहि मैले नराम्रोसँग दिएँ। मलाई थाहा छ यो पत्र धेरै पहिला लेख्नुपर्ने थियो। तर म हृदयदेखि नै तिमीसँग क्षमा माग्न चाहन्छु। तिमीप्रति नराम्रो व्यवहार गरेकोले म जतिसुकै अयोग्य भएतापनि मैले खीष्टको क्षमाको दावी गर्न आवश्यकताको महशूस भइरहेको छ। अब म तिमीसँग हार्दिक क्षमा माग्दछु।"

प्रार्थनाद्वारा मानिसले पाउने शक्तिको ज्वलन्त उदाहरण उपरोक्त कथाले बिभिन्न तरिकाबाट देखाउँदछ। परमेश्वरलाई असम्भव काम गर्नमात्र अनुरोध गर्न प्रार्थना गरिन्दैन। (हामीलाई असम्भव तर उहाँलाई सम्भव छ भन्ने कुरामा कुनै प्रश्न छैन)। तर प्रार्थनाले अत्यन्त महान् आश्चर्यकाम गर्न सक्दछः त्यो हो मानिसको केवल चोला परिवर्तनमात्र होइन तर आत्म परिवर्तन। मानिसको हृदयलाई प्रार्थनाले उथलपुथल बनाइदिन सक्दछ।

जसरी त्यस मित्रले लेखे, “सधैं प्रार्थनाको बारेमा बुझ्न त्यति सजिलो छैन।", यद्यपि परमेश्वरलाई थाहा भएको कुरोलाई हामीले किन अनुरोध नगर्ने? हामीले पहिले नमागी परमेश्वरले केहि गर्नुहुन्न र? के हाम्रो प्रार्थनाले परमेश्वरको क्रियाकलापलाई परिवर्तन गर्दछन् र?

प्रार्थनाले कसरी काम गर्दछ भन्ने कुरो हामीलाई थाहा नहुन सक्दछ। तर एउटा कुरो त निश्चित छः प्रार्थनाबिनाको जीवनले येशूमार्गमा हिंडन् सकिन्दैन।

**देहायका पदहरूमा मूल विषय औंल्याइएको छ, ती के हुन्, हेर्नुहोस् त?: मत्ती २६:४१, लूका १८:१, १ तिमोथी २:८, १ थेस्सोलोनी ५:१७, १ पत्रुस ४:७, कलस्सी ४:२ र रोमी १२:१२।**

येशूभक्तहरूलाई प्रार्थना गर्न निर्देशन दिएको छ। फेरि प्रार्थना केवल औपचारिकता पूरा गर्न नभएर बराबर गर्नुपर्छ भनेर हामीलाई भनिएको छ। प्रार्थनाले कसरी काम गर्छ भन्ने कुरो खास हाम्रो चासोको विषय होइन। कतिपय कुराहरू कसरी चल्दछ भन्ने कुरो हामी प्रायजसोलाई थाहा छैन नी। यदि विश्वासको विषयवस्तुको बारेमा पूरा जानेपछि मात्र विश्वास गर्न भनेर हामीले जिद्दि गऱ्यौं भने त्यो विश्वास विश्वासै हुँदैन हुँन्छ त? विश्वास वा आस्था भन्ने शव्दमै धेरै पक्षहरू लुकिएकाछन् जुन् हामीलाई पूरा थाहा छैन। तर एउटा कुरा त ठोकुवा गरेर भन्न सक्दछौं, जो मानिस परमेश्वरको इच्छा साकार गर्न निरन्तररूपमा प्रार्थनामा लागिरहन्छ, प्रार्थनाले मानिसको जीवन

परिवर्तन गर्न सक्दछ र गरिरहेका छन् भन्ने कुरोलाई आफ्नै अनुभवद्वारा उसले देखाउन सक्दछ।

प्रार्थनाको बारेमा तपाईंले के बुझ्नुभएको छ? यसले तपाईंको जीवनमा कसरी प्रभाव पारेको छ? यदि तपाईंले प्रार्थना नै गर्नुभएन भने येशूभक्तिको मार्गमा तपाईं कता हुनुहुने थियो होला?

## २. येशू, प्रार्थना गर्नुहुने अभिषेक गरिएको मसिह तथा उद्धारकर्ता (लूका ३:२१,२२)

**येशू र प्रार्थनाको बिषयमा देहायका पदहरूले हामीलाई के सिकाउँदछ? लूका ३:२१,२२, लूका ९:२८,२९, लूका ६:१२,१३, हिब्रू ५:७, मत्ती १४:२३, लूका २२:३१,३२ र मत्ती २६:३४-४४।**

येशू परमेश्वरको सिद्ध पुत्र हुनुहुन्थ्यो। उहाँमा कुनै खोट वा पाप थिएन। उहाँमा कूनै दोष वा कसूर थिएन। परमेश्वरको इच्छा अनुसार उहाँसँग सिद्धरूपमा एकवद्ध रहेर आफ्नो जीवन उहाँले बिताउनुभएको थियो। तर उहाँको जीवनमा प्रार्थनाले अभूतपूर्वक काम गरेको थियो भनेर उहाँको प्रभावकारी प्रार्थनाको जीवनले बताउँदछ। (माथिका पदहरूमा यूहन्ना १७ अध्यायमा उल्लेख गरिएको येशूको प्रार्थना समावेश गरेको छैन)। संसारसँग सामना गर्न त्यस सिद्ध र लौह पुरुष येशूलाई त प्रार्थना गर्न आवश्यक थियो भने हामीलाई त झन कतिको हुनुपर्दछ, पर्दैन र? दिनदिनै परमेश्वरसँगको हिंडाईमा प्रार्थनाको अपरिहार्यता कत्तिको छ भन्ने उदाहरण ख्रीष्टको प्रार्थनाको जीवनले स्पष्ट देखाउँदछ। प्रार्थनालाई कहिलै पनि हल्का, धर्मी देखाउन औपचारिकता पूरा गर्ने तत्वको रूपमा लिनुहुन्न। प्रार्थनाबिना कोहि पनि परमेश्वरसँग घनिष्ट सम्वन्ध राख्नसक्छ भन्ने धारणा येशूभक्तको निम्ति अकल्पनिय कुरो हो। एक आपसमा संवन्ध राखी राख्न संवाद वा सम्पर्कको आवश्यक छ भने परमेश्वरसँगको सम्वन्ध जारी राख्न प्रार्थनाको जरुरत झन कत्तिको हुनुपर्दछ, के त्यसको मूल्याङ्कन तपाईंले गर्नुभएको छ? (मानव जीवनमा एक आर्कासँग सम्पर्क जारी नराख्नु नै एक आर्काप्रति

गलत सोचाइको जग हुन जान्छ। संञ्चार विच्छेदले सम्बन्ध बिच्छेद गर्न उक्साउँछ-अनुवादकको टिप्पणी)। परमेश्वरसँग सञ्चार वा सम्वन्ध कसरी जारी राख्नुपर्छ भनेर येशूको अतुलनिय उदाहरणले हामी सबैलाई देखाइएको छ। तर त्यस उदाहरणलाई आत्मसात् गरेर हिंड्ने वा नहिंडने त्यसको आत्मनिर्णयको अधिकार हामी सबैलाई व्यक्तिगत रूपमा सुम्पिएकोछ।

तपाईंको प्रार्थनाको जीवनले कस्तो निरन्तरता पाएको छ? प्रार्थना गर्न बिर्सन कत्तिको सजिलो छ? के तपाईं हरदम प्रार्थनको जीवन बिताउनुभएको छ कि वा केवल आपद परेको बेलामा मात्र, “हे प्रभु" भनेर पुकार गर्नुहुन्छ? तपाईंको प्रभु येशूको मार्गमा गतिलोसँग हिंडिरहन तपाईंको प्रार्थनाको जीवनमा कसरी सुधार गर्न सक्नुहुन्छ? तपाईंको प्रार्थना कत्तिको महत्त्वपूर्ण छ भनेर तपाईंले कसरी सिक्नसक्नुहुन्छ?

## ३. विश्वासको प्रार्थना (हिब्रू ११:६)

**प्रार्थनाको निम्ति अत्यन्त आवश्यक सूत्रहरू के हुन् र ती किन हामीलाई अर्थपूर्ण छन् भनेर हिब्रू ११:८मा उल्लेख छ। हेर्नुहोस्।**

प्रार्थना भनेको परमेश्वरकहाँ आउने बाटो हो। यस बाटोमा हामी हिंड्न सक्यौ भने हामीले हाम्रो दिल खोलेर उहाँसँग कुरा गर्दसक्दछौं। अरूबाट हामी लुक्न सकेपनि उहाँसँग हामी लुक्न सक्दैनौं। हामीलाई के चाहिन्छ भनेर भन्न परमेश्वरलाई प्रार्थना गर्न आवश्यक छैन। येशू आफैले भन्नुभयो, “तिमीलाई के चाहिन्छ भनेर तिमीले पुकार्नुभन्दा अघि नै तिम्रो परमेश्वर पितालाई थाहा छ" (मत्ती ६:८ रूपान्तरित)। परमेश्वरमाथि हाम्रो विश्वास वा आस्था कतिको छ भनेर देखाउनु हामी प्रार्थना गर्दछौं। प्रार्थना भनेको हाम्रो आस्थाको अभ्यास हो। विश्वासमा अटल हुन, यसको यथार्थलाई जान्न र त्यसलाई प्रयोग गर्न हामी प्रार्थना गर्दछौं। प्रार्थनाद्वारा आस्था बढेको र

परमेश्वरसँगको सम्वन्धमा सुमधुर सुधार भएको कसले अनुभव गरेको छैन र?

हाम्रा हृदयका पिडाहरूलाई प्रार्थनाद्वारा खाली गर्दछौं। आफ्नो आत्मालाई प्रार्थनामा पोखाउँछौं। अत्यन्त व्यक्तिगत तहमा परमेश्वरसँग सम्वन्ध स्थापित गर्ने बाटो नै प्रार्थना हो। यस संसारमा तपाईं एकलो हुनुहुन्न र तपाईंको जीवन तपाईंको मात्र होइन भनेर प्रार्थनाले नै हामीलाई सम्झाउँछ। तपाईंलाई रगतको मोल तिरेर किनिएको हो भनेर प्रार्थनाले सम्झाइदिन्छ। प्रार्थनाबिनाको जीवन एकलो जीवन हो। यदि तपाईंमा प्रार्थनाको रस छैन भने तपाईं सहजैसँग पतन हुन सक्नुसक्छ। संसारमा भएका अनगिन्तियौं शक्ति र आवाजहरूले तपाईंलाई तुरन्तै धुलोपिठो पार्न सक्दछ।

**"प्रार्थनामा परमेश्वरलाई खोज" भनेर हामीलाई बारम्वार भनिएको छ। यसको अर्थ तपाईंको निम्ति के हो? दानियल ९:३,४, जकरिया ८:२१ पढ्नुहोस्।**

प्रत्येक प्रार्थना वा परमेश्वरलाई गरेको पुकारले बिश्वास वा आस्थालाई प्रयोग गरेको देखाउँछ। कसैको प्रार्थना स्वर्गमा कसरी जान्छ भनेर कसले हेर्न सक्दछ र? मानिसहरूको प्रार्थनालाई परमेश्वरले कसरी लिनुहुन्छ भन्ने कुरा कसलाई थाहा छ र? प्रायजसो प्रार्थनाको तुरन्तै नतिजा प्राप्त नभएको हामी महशूस गर्दछौं। तर हाम्रो प्रार्थना अत्यन्त गम्भिर भएर परमेश्वरले सुन्नुहुन्छ भनेर हामी बिश्वास गर्दछौं। प्रार्थना विश्वासको काम हो। हामीले पूरा नबुझेतापनि, नदेखेतापनि वा अनुभव नगरेतापनि ती सबैबाट पार गराएर प्रार्थनाद्वार हामी परमेश्वरकहाँ पुग्दछौं।

तपाईंको प्रार्थना कत्तिको अर्थपूर्ण छ र कत्तिको हार्दिक वा इमान्दारी छ? परमेश्वरकहाँ नजिक आफूलाई पार्न तपाईंले कस्तो खालको प्रार्थना गर्नसक्नुहुन्छ?

## ४. तिमीहरूले माग्दैनौ त? (याकूब ४:२)

प्रार्थना गर्ने मानिसहरूले प्रायजसो यो प्रश्न गर्दछन्, “के मेरो प्रार्थनाले परमेश्वरले केहि गर्नुहुन्छ जुन प्रार्थना नगर्दा गर्नुहुन्न?" यो मनासिव जिज्ञासा हो। यसको जवाफ पाउन परमेश्वरको वचनमा जानु हाम्रो निम्ति हितकर हुन्छ। माथिको जिज्ञासाको जवाफ पाउन बाइबलले के भन्छ सो हामीले पढ्नुपर्दछ।

हाम्रा प्रार्थनाहरू र परमेश्वरको क्रियाकलापको बारेमा देहायका पदहरूले भन्छन्ः याकूब ४:२, लूका ११:९ र याकूब ५:१६-१८।

प्रार्थनाले परमेश्वरलाई होइन हामीलाई परिवर्तन गर्दछ। प्रार्थनाद्वारा नै परमेश्वर र अरूसँगको हाम्रो सम्वन्धमा प्रभाव पार्दछ। तर हाम्रो प्रार्थनाले परमेश्वरलाई प्रभाव पार्दछ भनेर बाइबलले स्पष्ट रूपमा भन्दछ। हामीले उहाँलाई सोध्छौं र त्यसको जवाफ उहाँले दिनुहुन्छ। त्यो जवाफ हुन्छ भनेर आउन सक्दछ वा हुँदैन भनेर पनि आउँदछ।

**उत्पत्ति १८:२२-२३मा उल्लेख गरेको सूत्र यहाँ कसरी प्रयोग भएको हामी पाउँछौं?**

परमेश्वरले हाम्रो प्रार्थना सुन्नुहुन्छ वा सुन्नु हुँदैन भनेर जुनसुकै अडकल लगाएतापनि मानिसहरूको प्रार्थनाको जवाफ परमेश्वरले दिनुहुन्छ। यो परमेश्वर आफैले भन्नुभएको हो। त्यसकारण हामीले विश्वासद्वारामात्रै त्यसलाई स्वीकार गर्नसक्दछौं।

**“जब मेरो अगाडि तिनीहरूले शीर निहुराउँछन्। तिनीहरूले प्रार्थना गर्दछन् र मतिर फर्कन्छन्। तिनीहरू आफ्ना दुष्ट मार्गहरूबाट फर्कन्छन्। अनि म स्वर्गबाट तिनीहरूको पुकार सुन्नेछु। तिनीहरूको सबै पाप र अपराध म क्षमा गरिदिनेछु। तिनीहरूको जमिनलाई उर्वरा बनाइदिनेछु। जे भएतापनि तिनीहरू मेरा जनहरू हुन्" (२ इतिहास ७:१४ रूपान्तरित)। प्रार्थनाको बारेमा उपरोक्त पदले हामीलाई के सिकाउँदछ?**

मानिसहरूले पुकार्दैमा परमेश्वरले इस्रायलीहरूको जमिनलाई फलिफाप गराउने होइन भनेर बुझ्नुहोस्। तिनीहरूलाई प्रार्थना गर्न भनिएको छ। मानिसहरूले आफ्ना जीवनमा सुधार गर्नु पर्नेमा प्रार्थना एक भागमात्र हो।

तर शायद अत्यन्त महत्त्वपूर्ण सूत्र त यहाँ यसरी उल्लेख गरिएको छः “यदि हामीले पाप गऱ्यौं भनेर हामीले स्वीकार गर्छौं भने हाम्रा पापहरू उहाँले क्षमा गर्नुहुन्छ। हामीले गरेका सबै गलत कामहरूलाई उहाँले मेटि दिनुहुन्छ। उहाँले हामीलाई शुद्ध बनाउनुहुन्छ" (१ यूहन्ना १:९ रूपान्तरित)। प्रार्थना र हाम्रो जीवनमा परमेश्वरले गर्नुहुने कामको बिचमा के सम्वन्ध छ भनेर देखाउन उपरोक्त कथन प्रभावशाली भएको मान्नुपर्दछ। हाम्रा पापहरू हामी स्वीकार गर्दछौं, र उहाँले हामीलाई क्षमा दिनुहुन्छ। पापलाई सफा गर्न र हामीलाई शुद्ध बनाउने ती तरिका हुन्। यदि हामीले प्रार्थना गर्दैनौं, हाम्रा गल्ती वा पापहरूलाई स्वीकार गर्दैनौं भने परमेश्वरलाई क्षमा दिन पनि वाध्य छैन। यो कुरो अत्यन्त स्पष्ट छ। त्यसमा कुनै विवादै छैन। यी परिवेशमा हामी यो भन्न सक्दछौं कि हाम्रा प्रार्थनाको आधारमा उहाँ काम गर्नुहुन्छ।

## ५. नितिनियममा चल्न राजी हुनु (हिब्रू १०:३८)

कोहि मानिस होटेलमा खान जान्छ। उसले चिल्लो भएको धेरै मात्रामा खाना खान्छ। त्यो खानालाई हल्का पेय पदार्थद्वारा (कोका कोला, स्प्राइट आदि) पेटमा घचेटि पुऱ्याउँछ। अनि ठूलो मात्रामा चक्लेट आइसक्रीम वा कुनै गुलियो लड्डु आदिहरूद्वारा आफ्नो खाना खान सिध्याउछ। पेटलाई उकुसमुकुस पारेर त्यस होटेलबाट त्यो मानिस निस्कन्छ। ऊ घरमा जान्छ। रातमा सुत्नभन्दा अघि फेरि केहि हल्का खाना लिन्छ। अनि निदाउभन्दा पहिले खाटको मुनी घुँडा टेकेर यसरी प्रार्थना गर्छः “हे प्रभु, म धेरै मोटो भएको छु। मलाई दुव्लो बनाउनुहोस्।"त्यस व्यक्तिले गरेको प्रार्थना किन गलत हुनसक्छ?

हो, परमेश्वरले हाम्रो प्रार्थनाको सुनुवाई गर्नु होस् भनि हामी चाहन्छौं र त्यसको जवाफको निम्ति पनि हामी प्रतिक्षा गर्छौं। तर त्यस खालको प्रार्थना गर्नु अघि केहि कुरा गर्न धेरै आवश्यक छ। हामीले प्रार्थना गर्नु अघि हामी प्रार्थनामा जिउनु पर्दछ। हाम्रा प्रार्थना परमेश्वरले सुनुन् भनेर पहिला त हामीलाई दिइएको बुद्धि र बल अनुसार उचित जीवनशैली हामीले अपनाउनु जरूरी छ। यसले विश्वासमा कमजोर भएको देखाउँदैन। बरू स्वस्थ शारीरिक र मानसिक जीवनशैली अपनाउन चाहना गर्नु नै जीवित बिश्वासको ज्वलन्त उदाहरण हो।

"यदि हामीले कुनै थाहा पाएको पापलाई आफ्नो हृदयमा जानाजानी राखीछाड्यौं भने परमेश्वरले हाम्रो प्रार्थना सुन्नुहुन्न। तर हृदयदेखि पश्चाताप गर्दै आमूल परिवर्तन गर्न चाहना गरेको प्रार्थना परमेश्वरले सुन्नुहुन्छ। सच्चा तथा इमान्दारी मनलाई परमेश्वरले स्वीकार गर्नुहुन्छ। जब हामीले थाहा पाएको सबै गलतहरूलाई ठिक पार्‍यौं भने परमेश्वरले हाम्रो प्रार्थनाको जवाफ दिनुहुन्छ भन्ने कुरामा निश्चित हुनसक्दछौं। तर यो पनि याद गर्नुहोस् आफूले आफूलाई दिएको श्यावाशीलाई परमेश्वरले स्वीकार गर्नुहुन्न। कतिपय मानिसले आफू कतिको धर्मात्मा छु भनेर फुँइ गर्दछन्। त्यसको पुकार सुन्नु परमेश्वर वाध्य हुनुहुन्न। येशूको भलोले हामीलाई उद्धार गर्दछ। उहाँको रगतले मात्रै हाम्रा पाप र गलतहरूलाई धुँदछ। तर स्विकार्य निितिनियममा चल्नु पनि हामी राजी त हुनुपर्दछ।"-एलेन जी ह्वाइट, स्टेपस् टु क्राइस्ट, पृ. ९५बाट रूपान्तरित।

हाम्रो प्रार्थनाको सुनुवाई परमेश्वरले गर्नुहोस् भनेर पुकार गर्नुभन्दा पहिला हामी सिद्ध हुनुपर्छ भनेर एलेन जी ह्वाइटले भन्नुभएको छैन। हामीहरूको असल काम वा हाम्रो अथक प्रयासको आधारमा परमेश्वरले हामीलाई ग्रहण गर्नुहुन्छ भनेर पनि उहाँले स्पष्टरूपमा स्वीकार गर्नुभएको छैन। हामीहरूको मुक्ति केवल येशूले गर्नुभएको असल काममामात्र भर पर्दछ। हामीमा विश्वास र आस्था हुनुपर्दछ र परमेश्वरको इच्छामा हाम्रो जीवन समर्पण गर्नुपर्छ जसले गर्दा उहाँले

हाम्रो जीवनमा काम गर्न सक्नुहोस् भनेर एलेन जी ह्वाइटले भनिरहनुभएको छ।

**परमेश्वरले दिनुभएको बिभिन्न नितिनियमको परिधिभित्र रहनुभनेको के हो भनेर देहायका पदहरूले हामीलाई कसरी सिकाउँदछन्: हिब्रू १०:३८, व्यवस्था ४:२९, लूका ९:२३, यूहन्ना १४:१५ र १ थेस्सोलोनी ४:३?**

यदि हाम्रो प्रार्थनाको जीवनलाई क्रियाशील बनाउन चाहन्छौं भने माथिका निति अनुसार चल्नु आवश्यक हुन्छ। तर, हामीमा परमेश्वरको आवश्यकताको आभास हुनुपर्दछ। उहाँबिना हामी निरिह छौं भनेर स्वीकार गर्नुपर्दछ। परमेश्वरको अनुग्रहको आवश्यकता भएका हामी पापीहरू हौं भनेर स्वीकार गर्नुपर्दछ। हाम्रो आशाको भर हाम्रो लागि सबै थोक गर्नुहुने प्रभु येशूमा नै छ भनेर हामीले स्वीकार गर्नुपर्दछ। यदि येशूको आवश्यकताको महशूस हामीले गरेनौं र मेरै खुट्टामा म उभिएको छु, मलाई कसैको जरुरत छैन भनेर फुस्रो घमण्ड गऱ्यौं भने हाम्रो आत्मिक जीवन दुर्घटनामा पर्नु निश्चित छ।

**तपाईंले के कुराको निम्ति धेरै प्रार्थना गरिरहनुभएको छ? जब तपाईं प्रार्थना गर्नुहुन्छ तब तपाईंको जीवनशैलीमा कस्तो फरक हुनुपर्छ भनेर स्वीकार गर्नुपर्छ जसले गर्दा तपाईंको प्रार्थनाको सुनुवाई होस्?**

## उपसंहार:

<u>थप जानकारी:</u> "प्रार्थना आत्माको सास हो। यो आत्मिक जीवनको रहस्य हो।...प्रार्थनाले हाम्रो हृदयलाई परमेश्वरसँग जोड्दछ। यसले हाम्रो भक्ति जीवनलाई बल प्रदान गर्दछ।"-एलेन जी ह्वाइट, गस्पल वर्कर्स्, पृ. २५४,२५५बाट रूपान्तरित।

"हामीले प्रार्थना गर्दा पनि परमेश्वरले हाम्रो प्रार्थनाको जवाफ दिनु नभएतापनि उहाँले हाम्रो प्रार्थनाको जवाफ दिनुहुन्छ भनेर हृदयदेखि विश्वास गरिरहनुपर्दछ। हामीहरूको ज्ञान र समझशक्ति अत्यन्त सिमित छ। कतिपटक हामी प्रार्थना गर्दछौं जसको जवाफ हामीले पाएमा त्यो

हाम्रो हितको निम्ति हुँदैन। हामीलाई के उत्तम छ त्यसलाई दिएर हाम्रो परमपिता परमेश्वरले हाम्रो प्रार्थनाको जवाफ दिन मनपराउनुहुन्छ। हाम्रो सबै प्रार्थनाको जवाफ उहाँले दिनुभयो भने हामीलाई कस्तो हुन्छ होला भनेर हामीले देखोस् भनेर उहाँले चाहना गर्नुहुन्छ। जब हाम्रो प्रार्थनाको जवाफ नआएको आभास पाएतापनि उहाँको प्रतिज्ञालाई पकडिरहनुपर्दछ। किनभने उचित समयमा हामीलाई अति आवश्यक भएको आशिष हाम्रो प्रार्थनाको जवाफमा हामी पाउनेछौं। यदि हाम्रो प्रार्थनाको जवाफ परमेश्वरले सधैं दिनुहुन्छ र हाम्रै इच्छा अनुसार हामीले मागेको कुरा उहाँले दिनुहुन्छ भनेर जिद्दि गऱ्यौं भने परमेश्वरलाई हामीले घुमाउन चाहेको जस्तै हुन्छ। (नेपाली भाषामा यो बाटो अपनाउनु भनेको धृष्टतामा चल्नु हो)। परमेश्वर बुद्धिमान पुर्वक चल्नुहुन्छ र उहाँ गल्ति गर्नुहुन्न। परमेश्वर अति असल हुनुहुन्छ। उहाँ दयाको सागर हुनुहुन्छ। त्यसकारण उहाँमा सत् जीवन बिताउने उहाँका छोराछोरीहरूलाई कुनै असल थोक दिन उहाँ रोक्न चाहनुहुन्न। त्यसकारण तपाईंको प्रार्थनाको जवाफ तुरन्तै नआएतापनि उहाँमा भरोसा राख्न नहिचिकिचाउनुहोस्।" एलेन जी ह्वाइट, स्टेपस् टु क्राइस्ट, पृ. ९६बाट रूपान्तरित।

**चिन्तनमनन:**

क. "यदि परमेश्वरलाई सबै कुरा पहिला नै थाहा छ भने उहाँलाई किन प्रार्थना गर्ने" भनेर धारणा बोकेकाहरूलाई तपाईंले के भन्नुहुन्छ?

ख. प्रार्थनाको जवाफ पाइन्छ कि पाइन्दैन भनेर त्यसमा संघर्ष नगर्ने को होला? हुनसक्छ कोहि मानिस यात्रामा जान्दा आफ्नो सवारी साधन नबिग्रियोस् भनेर प्रार्थना गर्ला, र नबिग्रिकन उसको यात्रा सफल भयो रे। यो त राम्रै कुरा हो। तर आफ्नो बालक नमरोस् भनेर प्रार्थना गर्दा गर्दै पनि उसको बालक मऱ्यौं भने

त्यसलाई तपाईंले के भन्ने? यस्ता कुराहरू हामीले कसरी बुझ्ने वा बुझ्न हामी सक्षम् छौं त?

ग. हामीहरूको प्रार्थनाको जीवनमा पवित्र आत्माको काम के हो?

घ. कसैले चर्चमा आएर तपाईंलाई यो अनुरोध गरे रे: “प्रार्थना गर्नु भनेको के हो, के त्यसको बारेमा तपाईंले मलाई सिकाउन सक्नुहुन्छ? मैले किन प्रार्थना गर्नुपर्छ र? प्रार्थना गर्दा मैले के अपेक्षा गर्नुपर्छ र गर्नुहुन्न?" यस्तो जिज्ञासालाई तपाईंले कसरी जवाफ दिने?

**सारांशः** प्रार्थनाको बारेम धेरै कुराहरू छन् जुन हामीलाई थाहा छैन। यो कुरा हामीले मान्नुपर्दछ। तर जसले प्रार्थना गर्दछ, त्यसलाई यो कुरा त निश्चितरूपमा थाहा छः प्रार्थनाले तपाईंको जीवनलाई परिवर्तन गर्न सक्दछ। र त्यो परिवर्तन तपाईंकै भलाइको निम्ति पनि हो।

✝📖✝